# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, साउन ४ गते, २०८३ साल (संख्या २२

## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूची-२ को क्रमसङ्ख्या १., २., ३. र द्रष्टव्यको सट्टा देहायका क्रमसङ्ख्या १., २., ३. र द्रष्टव्य राखी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

“

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख र अध्यक्ष | प्रतिनिधि सभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष | राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र सत्ता पक्षको मुख्य सचेतक | विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति | दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख स्वकीय सचिव (रा.प.प्र.) | जना | १ | – | – | – | – | – |
| २. | स्वकीय सचिव (रा.प.द्वि.) | जना | १ | १ | १ | १ | १ | – |
| ३. | स्वकीय सचिव (रा.प.तृ.) | जना | १ | – | – | – | – | १ |

द्रष्टव्य :

१. स्वकीय सचिवालयका कर्मचारीले सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन्। सभामुख र अध्यक्षका प्रमुख स्वकीय सचिवले नेपाल सरकारको रा.प. प्रथम श्रेणीको कर्मचारी सरह सवारी र इन्धन सुविधा पाउनेछन्।

२. स्वकीय सचिवालयका कर्मचारीले यस ऐनबमोजिम प्राप्त गर्ने पारिश्रमिक निजको बैङ्क खातामा उपलब्ध गराइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. स्वकीय सचिवको योग्यता प्रचलित कानूनबमोजिम नेपाल सरकारको सम्बन्धित श्रेणी/तहको कर्मचारीको लागि तोकिएको आवश्यक न्यूनतम योग्यतासरह हुनेछ।”

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।